# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## सहिद दिवसको सन्देश

आज माघ १६, नेपालका वीर सपुतहरुले आफ्नो अमूल्य जीवन उत्सर्ग गरेको दिन । हामी उहाँहरुको बलिदानको सम्मानमा सहिद दिवस मनाउँदै आएका छौं । यस सन्दर्भमा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, समानता, नागरिक हक अधिकारको रक्षा लगायतका न्यायपूर्ण आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

आज हामीले प्राप्त गरेका उपलब्धिहरु वीर सपुतहरुकै बलिदानबाट सम्भव भएको हो । नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि प्राण आहुती दिनुहुने वीर शहिदहरुलाई एक दिन मात्र सम्झिएर उहाँहरुले देख्नुभएको सपना साकार पार्न सकिदैन । उहाँहरुको संघर्ष र त्यागको मर्मलाई हामीले सदैव आत्मसात गर्नुपर्दछ । सहिदहरुका सपना साकार पार्न र उहाँहरुले देखाउनुभएको मार्गमा हिड्नका लागि प्रण गर्ने दिनका रुपमा आजको दिनलाई सम्झनु पर्दछ ।

अन्तमा, हाम्रो देशको इतिहासको विभिन्न कालखण्डमा भएका संघर्षहरु, राणा शासनको अन्त्य, पञ्चायती व्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने आन्दोलनको अग्रपंतिमा रहेर लड्दालड्दै आफ्नो जीवन, देश र जनताको लागि समर्पण गर्नुहुने महान सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै पुनःउहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

२०८० साल माघ १६ गते, मंगलबार ।

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख